प.स./सूलाइक/ च.नं. १४७/२०७९/८० मिति: २०७९/०४/३१

श्री नेपाल स्टक एक्स्चेञ्ज लि.,
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

विषय: विशेष साधारण सभाको निर्णय विवरण (माईन्यूट) पठाईएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०७९।०४।१९ गते होटल हैरिसन प्यालेस, विराटनगरमा आयोजित विशेष साधारण सभाको निर्णय विवरण (माईन्यूट) जानकारी तथा आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा हार्दिक अनुरोध गर्दछौं ।

संलग्न:
१) विशेष साधारण सभाको निर्णय विवरण (माईन्यूट)

भवदिय,

(भरत के.सी.)
कम्पनी सचिव

# सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# विशेष साधारण सभाको निर्णय विवरण (माईन्युट)

१) **प्रारम्भिक**

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभा संचालक समितिका सदस्य श्री हेमन्त नाहटाज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो। साधारण सभाका निर्णयहरु तथा अन्य काम कारबाहीको विवरण देहाय बमोजिम रहेका छन्।

मिति : २०७९/०४/१९ (तदनुसार ०४ अगस्त २०२२) बिहिबार

स्थान : होटल हैरिसन प्यालेस, बजरंगबली मार्ग, विराटनगर।

समय : बिहान ११:०० वजे

२) **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री केशब प्रसाद भट्टराई* | अध्यक्ष |
| २. | श्री हेमन्त नाहटा | सञ्चालक/सभाध्यक्ष |
| ३. | श्री विशाल अग्रवाल* | सञ्चालक |
| ४. | श्री विवेक झा | सञ्चालक |
| ५. | श्री चूडामणि देवकोटा | स्वतन्त्र बिज्ञ संचालक |
| ६. | श्री कृति टिवडेवाल | सञ्चालक |
| ७. | श्री बीरेन्द्र बाबु श्रेष्ठ | सञ्चालक |

*जुम प्लेटफर्म मार्फत सभामा सहभागी हुनु भएको।

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री पवन कुमार खड्का | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री नरोत्तम ढकाल | बरिष्ठ सहायक महाप्रवन्धक |
| ३. | श्री भरत के.सी. | कम्पनी सचिव |
| ४. | श्री जयन्द्र डंगोल | नायव प्रवन्धक, ब्रान्ड विभाग |
| ५. | श्री विवेक दहाल | प्रमुख, प्रशासन विभाग |
| ६. | श्री तारा दाहाल | प्रदेश प्रमुख, प्रदेश नं. १ |

**ग) शेयरधनीहरुको उपस्थिति**

उपस्थित शेयरधनीहरुको संख्या : ७० जना

अ) स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या : १० जना

आ) जुम प्लेटफर्म मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या : २ जना

इ) प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ५८ जना

शेयरको प्रतिनिधित्व संख्या : १,६५,२३,८८६

शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६४.७९%

ई) यस सभामा सहभागी हुन पाउने कुल २८५२८ शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए।

३) **छलफलका विषयसूचीहरु :**

**(क) विशेष प्रस्तावः**

१. (क) नियमनकारी निकायको निर्देशन तथा समयानुकुल पूँजी बृद्धिको आवश्यकतालाई दृष्ट्रिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने एवं संचालक समिति समक्ष सोको जानकारी तथा सिफारिस गर्ने कार्यको लागि संचालक समितिबाट मर्जर समिति गठन गरिएको बारेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(ख) यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) सम्बन्धमा मर्जर समितिबाट पेश हुन आएको प्रारम्भिक सम्झौता पत्र (MOU) को मसौदा स्विकृत गर्ने एवं सो सम्झौता पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, शेयर कारोवार रोक्काको लागि पत्राचार गर्ने बिषयमा भएको संचालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) कम्पनीको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियूक्त गर्ने सिलसिलामा कम्पनीको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन कार्य (DDA) गर्नका लागि संचालक समितिबाट मुल्याङ्कनकर्ता नियूक्त गर्ने तथा पारिश्रमिक तोक्ने गरी भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

२. एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार बीमाङ्कीय मुल्याङ्कनका लागि परामर्शदाता, मुल्याङ्कनकर्ता लगायत कानूनी परामर्शदाता र अन्य विज्ञ नियूक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एक आपसमा गाभ्ने/गाभिनेसंग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट स्विकृति लिने तथा सो सन्दर्भमा नियामक निकायले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ख) विविध**

१. कम्पनीको संचालक समितिबाट गठित मर्जर समितिका सदस्यहरुलाई समितिको एकल वा अन्य कम्पनीसंग संयूक्त बैठक बसेको अवस्थामा यस कम्पनीको संचालक समिति/संचालक स्तरीय अन्य समिति सरह बैठक भत्ता उपलब्ध गराउने गरी संचालक समितिबाट भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

४) **सूचना प्रकाशन :**

कम्पनीको संचालक समितिको मिति २०७९/०३/३० गतेका दिन बसेको ३२० औं बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा मिति २०७९ श्रावण १९ गते रजिष्ट्रर्ड कार्यालय रहेको स्थान विराटनगरमा आयोजना हुने भनि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था अनुरुप पहिलो पटक साधारण सभा हुने मिति भन्दा १५ दिन अगावै मिति २०७९ श्रावण २ गतेको नागरिक दैनिक र दोस्रो पटक मिति २०७९ श्रावण १६ गतेको आर्थिक दैनिकमा सूचना प्रकाशित गरिएको तथा कम्पनीको वेभसाईटमा पनि राखिएको थियो ।

इन्स्योरेन्स कम्पनी लिमिटेड सूर्या लाइफ सर्वे भवन्तु सुखिनः कर्पोरेट कार्यालय

५) **गणपुरक संख्या**

| विवरण | कुल संख्या | स्वयं/जुम उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २८,५२८ | १२ | ५८ | ७० | - |
| शेयर संख्या | २,५५,०२,८२१ | १०,३०,९८८ | १,५४,९२,८९८ | १,६५,२३,८८६ | ६४.७९% |

६) **सभाको बैधानिकता र सभाको सभापतित्व**

क) साधारण सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिमको प्रकिया पुरा गरि कम्पनीको विशेष साधारण सभा बोलाईएको र स्वयं उपस्थित हुने शेयरधनीहरु, जुम प्लेटफर्म मार्फत उपस्थित हुने शेयरधनीहरु एवं प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत ६४.७९% रहेको हुँदा सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा संचालनको लागि बैधानिक प्रक्रिया पुरा भएको जानकारी गराउनु भयो ।

ख) निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, बरिष्ठ सहायक महाप्रवन्धकज्यूलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । संचालक समितिका अध्यक्ष श्री केशब प्रसाद भट्टराईज्यू तथा संचालक श्री विशाल अग्रवालज्यू देश बाहिर रहनु भएकोले उहाँहरुले जुम प्लेटफर्म मार्फत सभामा सहभागिता जनाउनु भयो । आसन ग्रहण पश्चात् कम्पनी सचिवले संचालक श्री हेमन्त नाहटाज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नुभयो र संचालक श्री हेमन्त नाहटाज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन अनुमती दिनु भयो ।

ग) सभामा उपस्थित शेयरधनी महानुभावहरुका साथै सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री पवन कुमार खड्काज्यूले स्वागत मन्तब्य दिनुहुँदै शेयरधनी महानुभावहरुलाई उचित प्रतिफल प्रदान गर्दै आईरहेको, जीवन बीमाको हरेक क्षेत्रमा आफ्नो बिशिष्ट पहिचान बनाउन कम्पनी प्रयासरत रहनुका साथै बीमा समितिको निर्देशन अनुसार जीवन बीमा कम्पनीको चुक्ता पूँजी बृद्धि गरी २०७९ चैत्र मसान्तसम्म रु. ५ (पाँच) अर्ब पुऱ्याउनु पर्ने भएकोले यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा प्रारम्भिक सम्झौता पत्र भई बीमा समितिबाट सोको सैद्धान्तिक सहमति समेत प्राप्त भईसकेको र संयूक्त मर्जर समिति समेत गठन भई सो समितिबाट मर्जर सम्बन्धमा आवश्यक कार्य भईरहेको ब्यहोरा समेत जानकारी गराउनु भयो ।

घ) तत्पश्चात् कम्पनी सचिवले साधारण सभाका निर्धारित बिषयसूचीहरु सभालाई जानकारी गराउनु भयो ।

७) **सभा संचालन तथा अध्यक्षज्यूको मन्तब्य सभा समक्ष प्रस्तुती**

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभाध्यक्ष एवं संचालक श्री हेमन्त नाहटाज्यूले उपस्थित सम्पूर्ण शेयरधनी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत तथा अभिवादन गर्नु भयो । कम्पनीले समयानुकुल बीमा सेवाहरु उपलब्ध गराई बीमा बजारमा सक्रिय उपस्थिति देखाएको, सुशासन तथा पारदर्शितामा जोड दिँदै आएको, कम्पनीको ब्यवसायमा बृद्धि हुँदै आएको, कम्पनीको आन्तरिक काम कारवाहीहरुको प्रभावकारीता बृद्धि गर्न संचालक समिति, संचालक

इन्स्योरेन्स कम्पनी लिमिटेड सूर्या लाइफ
सूर्या लाइफ
सर्वे भवन्तु सुखिनः
कर्पोरेट कार्यालय

समिति अन्तर्गतका समिति/उपसमितिहरु तथा व्यवस्थापन समेत क्रियाशील रहनुका साथै नियमनकारी निकायहरुबाट जारी निर्देशन तथा प्रचलित ऐन कानूनको पूर्ण परिपालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकता दिई आफ्ना बीमित/सेवाग्राहीहरुलाई कम्पनीबाट प्रवाह हुने सेवा अझ उत्कृष्ट, छिटो छरितो र मितव्ययी बनाई कम्पनी संचालन भईरहेको ब्यहोरा सभा समक्ष अनुरोध गर्नुभयो ।

त्यसैगरी नियमनकारी निकाय श्री बीमा समितिबाट जीवन बीमा कम्पनीहरुले मिति २०७९ साल चैत्र मसान्तसम्ममा चुक्ता पूँजी रु. ५ अर्ब कायम गर्नुपर्ने ब्यहोराको निर्देशन प्राप्त भए पश्चात् यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा प्रारम्भिक सम्झौता पत्र भई बीमा समितिबाट सोको सैद्धान्तिक सहमति समेत प्राप्त भईसकेको परिप्रेच्छमा मर्जरमा जाने बिषयमा केन्द्रीत रही सोही बमोजिमका एजेण्डाहरु उपर छलफल तथा निर्णयका लागि यो विशेष साधारण सभा आयोजना गरिएको ब्यहोरा ब्यक्त गर्नुभयो । साथै कम्पनीको सुसंचालनमा प्राप्त भईरहेको निरन्तर सहयोग र मार्ग निर्देशनका लागि नेपाल सरकार, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड तथा अन्य सरोकारवाला निकायहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो । साथै कम्पनीको कारोवार सम्वन्धी एवं अन्य विविध पक्षहरुमा आफनो विचार मन्तव्य तथा जिज्ञासाहरु भए व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

८) **<u>छलफलमा सहभागी शेयरधनी र ब्यक्त बिचार</u>**

छलफलमा सहभागी हुनुभएका शेयरधनीबाट ब्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१) **<u>गुरु प्रसाद लामिछाने</u>**

- कम्पनीको विशेष साधारण सभामा भाग लिने अवसर प्रदान गरेकोमा आभार ब्यक्त ।
- यस कम्पनी अन्य कम्पनीसंग मर्जरमा जान लागेको र मर्जर पश्चात् कम्पनी जीवन बीमा क्षेत्रको एक सक्षम र सबल कम्पनी बन्ने विश्वास ब्यक्त गर्दै सूर्या लाइफ इन्स्योरेन्स कम्पनीको गौरवमय ईतिहास कायम रहोस भन्ने शुभकामना ब्यक्त ।
- कम्पनीले शेयरधनीहरुलाई विगतमा पनि राम्रै प्रतिफल प्रदान गर्दै आएको, भविष्यमा पनि राम्रो प्रतिफल दिने विश्वासका साथ आर्थिक बर्ष २०७७/०७८ को बोनस शेयर/नगद लाभांश मर्जर हुनु भन्दा अगाडी नै वितरणको लागि अनुरोध गर्नुभयो ।
- कम्पनीले शेयरधनीहरुको बिश्वास जित्न सफल भएको एवं मर्जर पश्चात् सूर्या लाइफको पहिचान कायमै रहने गरी मात्र नयाँ नाम जुराउन अनुरोध गर्नु भयो ।
- Right share/Bonus share बाहेक नै कम्पनी मर्जरमा गई पूँजी बृद्धि गरी चुक्ता पूँजी रु. ५ (पाँच) अर्ब पुऱ्याउनको लागि अगाडी बढेकोमा खुशी ब्यक्त गर्नु हुँदै मर्जरको सफलताको कामना गर्नु भयो ।

९) **<u>शेयरधनीहरुको जिज्ञासाको जवाफ:</u>**

सभाध्यक्ष श्री हेमन्त नाहटाज्यूले सभामा आफ्नो अमुल्य सुझाव तथा जिज्ञासा राख्नु भएका शेयरधनीलाई धन्यबाद व्यक्त गर्नु हुँदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनुका साथै कम्पनीलाई नयाँ उचाईमा पुऱ्याउन प्रतिबद्ध रहेको एवं सभामा उठेका बिषयबस्तुलाई सम्बोधन गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

इन्स्योरेन्स कम्पनी लिमिटेड सूर्या लाइफ
सूर्या लाइफ
सर्वे भवन्तु सुखिनः
कर्पोरेट कार्यालय

१०) **साधारण सभाको निर्णयहरु :**

**(क) विशेष प्रस्तावः**

१. (क) नियमनकारी निकायको निर्देशन तथा समयानुकुल पूँजी बृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने एवं संचालक समिति समक्ष सोको जानकारी तथा सिफारिस गर्ने कार्यको लागि संचालक समितिको मिति २०७९/०२/१९ गते बसेको ३१६ औं बैठकबाट संचालक श्री हेमन्त नाहटाज्यूको संयोजकत्वमा संचालक श्री विशाल अग्रवालज्यू तथा स्वतन्त्र संचालक श्री चूडामणि देवकोटाज्यू सदस्य रहने गरी ३ सदस्यीय मर्जर समिति गठन गर्ने निर्णय भएको हुँदा संचालक समितिको उक्त निर्णय अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष पेश भएकोमा सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

(ख) यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) सम्बन्धमा मर्जर समितिबाट पेश हुन आएको प्रारम्भिक सम्झौता पत्र (MOU) को मसौदा स्विकृत गर्ने एवं सो सम्झौता पत्रमा हस्ताक्षर गर्न कम्पनीको संचालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूलाई अख्तियारी प्रदान गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, शेयर कारोवार रोक्काको लागि पत्राचार गर्ने बिषयमा संचालक समितिको मिति २०७९/०३/१२ गतेका दिन बसेको ३१८ औं बैठकबाट भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष पेश भएकोमा संचालक समितिको उक्त निर्णय सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

(ग) कम्पनीको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियूक्त गर्ने सिलसिलामा कम्पनीको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन कार्य (DDA) गर्नका लागि संचालक समितिको मिति २०७९/०३/२० गतेका दिन बसेको ३१९ औं बैठकबाट श्री बिदुर एसोसियट्सलाई मुल्याङ्कनकर्ता नियूक्त गर्ने तथा सो कार्य गरे वापत नियमानुसारको कर बाहेक रु.५ (पाँच) लाख पारिश्रमिक/शुल्क तोक्ने गरी भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष पेश भएकोमा संचालक समितिको उक्त निर्णय सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

२. एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार बीमाङ्कीय मुल्याङ्कनका लागि परामर्शदाता, मुल्याङ्कनकर्ता लगायत कानूनी परामर्शदाता र अन्य विज्ञ नियूक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एक आपसमा गाभ्ने/गाभिने संग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट स्विकृति लिने तथा सो सन्दर्भमा नियामक निकायले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभा समक्ष निर्णयार्थ पेश भएकोमा सो प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

**(ख) विविध ।**

१) कम्पनीको संचालक समितिबाट गठित मर्जर समितिका सदस्यहरुलाई समितिको एकल वा अन्य कम्पनीसंग संयूक्त बैठक बसेको अवस्थामा यस कम्पनीको संचालक समिति/संचालक

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
सूर्या लाइफ
सर्वे भवन्तु सुखिनः
कर्पोरेट कार्यालय

स्तरीय अन्य समितिको बैठक भत्ता सरह प्रति व्यक्ति प्रति बैठक रु.१२,०००/- (बाह्र हजार मात्र) बैठक भत्ता उपलब्ध गराउने गरी संचालक समितिको मिति २०७९/०३/०१ मा बसेको ३१७ औं बैठकबाट भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष पेश भएकोमा संचालक समितिको उक्त निर्णय सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

११) **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

सभाका सभाध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड, शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लिमिटेडका साथै सरोकारवाला सबै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको विशेष साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

(भरत के.सी.)
कम्पनी सचिव

इन्स्योरेन्स
सूर्या लाइफ
कम्पनी लिमिटेड
सूर्या लाइफ
सर्वे भवन्तु सुखिन:
कर्पोरेट कार्यालय

(हेमन्त नाहटा)
सभाध्यक्ष/संचालक